
# लेखापरीक्षण प्रतिवेदन

# प्युठान नगरपालिका, प्युठान

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## प्युठान नगरपालिका, प्युठान

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/531

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,

प्युठान नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
प्युठान।

**कैफियतसहितको राय**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१.नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । नगरपालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त सामाजिक सुरक्षा तथा संरक्षणको रु.२० करोड ७१ लाख ३३ हजार, गरिवसगं विशेश्वर कार्यक्रममा रु.७ लाख ३० हजार, सामाजिक विकास कार्यक्रममा रु.३ लाख ७४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रु.१४ लाख ४५ हजार र राष्ट्रपति महिला शसक्तिकरण कार्यक्रममा रु.२ लाख समेत गरी रु. २० करोड ९८ लाख ८२ हजार सुत्रमा लेखाङ्कन गरेको छैन।

२.नगरपालिकाको रु.१ अर्ब ५८ करोड ७४ लाख ६२ हजारको लेखापरीक्षण गरिएकोमा रू.३ करोड ४८ लाख ७९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.४० लाख ६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुलउपर गर्नुपर्ने रु.५ लाख ५७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४८ लाख ५८ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ३९ लाख ८८ हजार र पेश्की बाँकी रु.१४ लाख ७० हजार रहेको छ। गत वर्षसम्म सम्परीक्षण पश्चात रु.१० करोड १९ लाख ५७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१३ करोड २८

लाख ३० हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.नगरपालिकाले स्थिर सम्पत्तिको खुलासा गरेको छैन। सम्पत्तिको विस्तृत विवरण खुलासा नगरेका कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने प्युठान नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागूगर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

## चालु वर्षको बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४७ | ११२ | ३,४८,७९,५९७ | ० | ६४ | ४०,०६,४१६ | ० | ४७ | ४८ | ३,०८,७३,१८१ | ५,५६,७३४ | २,३९,८८,०३७ | ४८,५८,४१० | ० | ० | २,८८,४६,४४७ | १४,७०,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| प्यूठान | १०,१९,५७,००० | 0 | ० | १०,१९,५७,००० | 0 | ३,०८,७३,१८१ | १३,२८,३०,१८१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३५ | शिक्षा तर्फ | १,९१,५७९ |
| २ | २०८०/८१ | ५७ | भरपाई नभएको तथा वढी भुक्तानी | ८,१४,८६९ |
| ३ | २०८०/८१ | ४९ | भरपाई नभएको तथा वढी भुक्तानी | १०,००,०४२ |
| ४ | २०८०/८१ | ४६ | बढि भुक्तानी | ५९,२१० |
| ५ | २०८०/८१ | ३३ | दुधमा अनुदान | २,५६,५५० |
| ६ | २०८०/८१ | २३ | दायित्व भुक्तानी | ४,७९,०७६ |
| ७ | २०८०/८१ | ३२ | ढुङ्गा गिटी वालिवा विक्रि | ७,९१,७३८ |
| ८ | २०८०/८१ | ६१ | कर कट्टी नभएको | ५४,८५२ |
| ९ | २०८०/८१ | ६० | आन्तरिक लेखापरीक्षण प्रतिवेदनका व्यहोराहरु | ३,५८,५०० |
| जम्मा | | | | ४०,०६,४१६ |

# (८०५५५४०१३०० - प्युठान नगरपालिका, प्युठान )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १० वडा रहेको छ भने क्षेत्रफल १२८.९६ वर्ग किलोमिटर तथा ४२१३०जनसंख्या रहेको छ । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतितपत्र गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।७ देखि २०८१। ६।११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतितपत्रमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतितपत्रमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ १ अर्ब ५८ करोड ७४ लाख ६२ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेटनिकाय) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार |
| | | | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | |
| | प्राप्ति | | | | | |
| ११००० | कर | | ११,८०,७८,९०३.३९ | ० | ११,८०,७८,९०३.३९ | ६,०८,२८,७६७.१० |
| १३००० | अनुदान | | ४४,७९,२७,१३७.६० | ० | ४४,७९,२७,१३७.६० | ५१,६१,४२,१२५.०० |
| १४००० | अन्यराजस्व | | २,९८,३३,४७३.८३ | ० | २,९८,३३,४७३.८३ | २२,४४,५१३.०० |
| १५००० | विविधप्राप्ति | | ६,७६,१७८.०० | ० | ६,७६,१७८.०० | ० |
| क | कुलजम्मा प्राप्ति | | ५९,६५,१५,६९२.८२ | | ५९,६५,१५,६९२.८२ | ५७,९२,१५,४०५.१० |
| ३ | चालु | | ४७,५७,३७,१५१.२४ | ० | ४७,५७,३७,१५१.२४ | ४७,८७,३६,१०७.६२ |
| २१००० | पारिश्रमिक / सुविधा | | २४,४४,३०,१४५.२४ | ० | २४,४४,३०,१४५.२४ | २५,५४,४१,४९४.६२ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | | १७,५३,२९,३२५.०० | ० | १७,५३,२९,३२५.०० | १७,१२,४९,५२५.०० |
| २५००० | सहायता **(Subsidy)** | | ५३,२४,४८१.०० | ० | ५३,२४,४८१.०० | ४,१९,७०,२३३.०० |
| २७००० | सामाजिकसुरक्षा | | ४,७९,२८,९९२.०० | ० | ४,७९,२८,९९२.०० | ८३,१७,९४०.०० |
| २८००० | अन्यखर्च | | २७,२४,२०८.०० | ० | २७,२४,२०८.०० | १७,५६,९१५.०० |
| ४ | पूंजीगत | | १५,६४,९२,१०६.५३ | ० | १५,६४,९२,१०६.५३ | २१,४०,५७,२७२.०० |
| ३१११० | भवनतथा संरचना | | ९१,६७,५४६.०० | ० | ९१,६७,५४६.०० | १६,५४,३४२.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ५३,४१,६५३.०० | ० | ५३,४१,६५३.०० | २३,४०,४८५.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | | ५,००,४४,८५०.०० | ० | ५,००,४४,८५०.०० | ८,७६,३७,३६२.०० |
| ३११४० | सुरक्षाउपकरण | | ९१,६९६.०० | ० | ९१,६९६.०० | ० |
| ३११५० | सार्वजनिकनिर्माण | | ८,८६,५२,०१७.९८ | ० | ८,८६,५२,०१७.९८ | ११,८१,५९,९१८.०० |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | | १२,१८,५५०.०० | ० | १२,१८,५५०.०० | २८,१६,९३५.०० |
| ३११७० | पूँजीगतसुधार खर्च | | १९,७५,७९३.५५ | ० | १९,७५,७९३.५५ | १४,४८,२३०.०० |
| ५ | वित्तीय | | ० | ० | ० | ० |
| ख) | कुलजम्मा भुक्तानी | | ६३,२२,२९,२५७.७७ | | ६३,२२,२९,२५७.७७ | ६९,२७,९३,३७९.६२ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (३,५७,१३,५६४.९५) | | (३,५७,१३,५६४.९५) | (११,३५,७७,९७४.५२) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -) | | २८,९३,९२०.९८ | | २८,९३,९२०.९८ | (९२,४५,४७६.७१) |
| घ.१) | कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी | | (४,७९,०७६.००) | | (४,७९,०७६.००) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ङ) | यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | | (३,२८,१९,६४३.९७) | | (३,२८,१९,६४३.९७) | (१२,२८,२३,४५१.२३) |
| च) | गतआ.व.को नगद तथा बैंक मौज्दात | | ७,४१,९०,६२४.५० | | ७,४१,९०,६२४.५० | १९,७०,१४,०७५.७३ |
| छ) | विनिमयनाफा/ घाटा तथा अन्य समायोजन | | | | | |
| ज) | आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ४,१३,७०,९८०.५३ | | ४,१३,७०,९८०.५३ | ७,४१,९०,६२४.५० |

संघिय सरकार र प्रदेश सरकार तर्फको **C-GAS** मार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गरिबसँग विश्वेश्वर | ७३०००० | १ | गरिबसँग विश्वेश्वर | ७३०००० |
| २ | सामाजिक विकास कार्यक्रम | ३७४५८५ | २ | सामाजिक विकास कार्यक्रम | ३७४५८५ |
| ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १४४५००० | ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १४४५००० |
| ४ | राष्ट्रपति महिला सशक्तिकरण परियोजन | १९९९८५ | ४ | राष्ट्रपति महिला सशक्तिकरण परियोजन | १९९९८५ |
| ५ | सामाजिक सुरक्षा तथा संरक्षण | १६६७१३१५९ | ५ | सामाजिक सुरक्षा तथा संरक्षण | १६६७१३१५९ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **त्रैमासिक खर्च**

कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम र दोस्रो त्रेमासिकमा शुन्य प्रतिशत, तेस्रो त्रैमासिकमा ३० तथा चौथो त्रैमासिकमा ७० प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ५७.७४ प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

| क्र.स | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | बजेट | १९४०१७५७८ | ५०८६८००० | १५८२१६७७ | ९११७५५० | ११८२१०३५१ | |
| २ | पूँजिगत खर्चतर्फ | १५६४९२१०७ | ० | ० | ४६९७९३६० | १०९५१२७४७ | ९०३७१६२८ |
| ३ | प्रतिशत | ८० | ० | ० | ५१२ | ९२ | |
| कुल खर्चको तुलनामा प्रतिशत | | १०० | | | ३० | ७० | ५८ |

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा७० प्रतिशत तथा आषाण महिनामा ५७.७४ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

४ **प्रगति**

स्वीकृत वार्षिक कार्यक्रममा त्रैमासिक रुपमा तोकिएको लक्षित कार्यक्रम समयमै सम्पन्न गर्नुपर्दछ। कार्यालयले यस बर्ष पुँजिगत तर्फरु.१९ करोड ४० लाख १७ हजार वजेट व्यवस्था भएकोमा भएको रु.१५ करोड ६४ लाख ९२ हजार (वजेटको तुलनामा ८०.९८ प्रतिशत) खर्च भएको छ । वजेट विनियोजन अनुसार खर्च प्रगति उल्लेखनीय रहेको छ ।

| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८१/०३/३१ स्थानीय तह : प्युठाननगरपालिका, प्युठान | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **शीर्षक** | **जम्मा** | | |
| | **नाम** | **बजेट** | **खर्च** | **खर्च(%)** |
| | पूंजीगत | | | |
| १ | गैर आवासीय भवन निर्माण/खरिद | ७१२५०००. | ६९५९८२०. | ९७.६८ |
| २ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | २४३१०००. | २२०७७२६. | ९०.८१ |
| ३ | सवारी साधन | ३८८०००. | २९८९००. | ७७.०३ |
| ४ | मेशिनरी तथा औजार | २७२०७५८. | २५६८६०१. | ९४.४ |
| ५ | फर्निचर तथा फिक्चर्स | ३१३४३००. | २४७४१५२. | ७८.९३ |
| ६ | पशुधन तथा बागवानी विकास खर्च | २००००००. | १९०४२२२. | ९५.२१ |
| ७ | पूँजीगत परामर्श खर्च | ६८७६००००. | ४८१४०६२८. | ७०.०१ |
| ८ | सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | ९७,०००.०० | ९१,६९६.०० | ९४.५३ |
| ९ | सडक तथा पूल निर्माण | ४४२१०१२०. | ४३७२४२३३. | ९८.९ |
| १० | विद्युत संरचना निर्माण | २०००००. | १९९९८४.९८ | ९९.९९ |
| ११ | तटबन्ध तथा बाँधनिर्माण | २९१०००. | २९१०००. | १०० |
| १२ | सिंचाई संरचना निर्माण | ६०९१२५०. | ६०३७२८०. | ९९.११ |
| १३ | खानेपानी संरचना निर्माण | २७२१३८४२. | २०४०६०८१. | ७४.९८ |
| १४ | वन तथा वातावरण संरक्षण | ११३३५०८. | १११०००३. | ९७.९२ |
| १५ | अन्य सार्वजनिक निर्माण | २२०३६८५०. | १६८८३४३६. | ७६.६१ |
| १६ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | १३७३०००. | १२१८५५०. | ८८.७५ |
| १७ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | २२२१९५०. | १८३३५७१.५५ | ८२.५२ |
| १८ | पूँजीगत अनुसन्धान तथा परामर्श | ४५००००. | १४२२२२. | ३१.६ |
| ३ | वित्तीय | १०७००००. | ० | ० |
| १ | अन्य संस्थामा शेयर लगानी बिक्री | १०७००००. | ० | ० |
| | कुल जम्मा | १९४०१७५७८ | १५६४९२१०७ | ८०.६५ |

५ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.५ करोड ५४ लाख ३३ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ६.६५ प्रतिशत हुन्छ।साथै रकमान्तर गरी वजेट कायम भएका मध्ये वागदुला सडक वत्ती व्यवस्थापन लगाएतका विभिन्न ५ योजनाको रु.२० लाख १५

हजार खर्च हुन सकेको देखिएन । रकमान्तर गर्ने तथा वजेट कार्यान्वयन नगर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने तथा आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

६ **बजेट पेश, पारित र अख्तियारी**

बजेट पेश, पारित र अख्तियारी - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु.८३ करोड ३५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२० पारित भएको छ। यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।४।१मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

७ **मध्यकालीन खर्च संरचना**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन। यसका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

८ **योजनाको प्राथमिकीरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार पालिकास्तरका कुल २७६ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाखमाथिका योजना सङ्ख्या** | **रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५लाख भन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २७६ | १६ | ४८ | २१२ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ८२ योजना एक लाख भन्दा कमको तथा २० लाख भन्दा वढीको १६ योजना त्यो पनि ५० लाख भन्दा कमका रहेका छन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ । पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउनुपर्ने देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत कुल खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ३६०४८१००. | २९७६३४४७.५५ | ४.७१ |
| २ | सामाजिक विकास | ४०८६३९९६८. | ३७३४३२६७१.६ | ५९.०७ |
| ३ | पूर्वाधार विकास | ११७४१६०२०. | ९८७८३१७७. | १५.६२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १४६४०४१६. | ११९३५२११.९८ | १.८९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३५०४९४९६. | ११८३१४७४९.६४ | १८.७१ |
| | जम्मा | ७११७९४०००. | ६३२२२९२५७.७७ | |

१० **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २९ कर्मचारीको रु. २ करोड ४२ लाख ९६ हजार, र पालिकाका चालुतर्फ ३७ कर्मचारीको रु.२ करोड ६९ लाख ३७ हजार गरी रु. ५ करोड १२ लाख ३३ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

११ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, शिक्षा अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१२ **करार कर्मचारी व्यवस्थापन**

१२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा ६३ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.२ करोड २५ लाख १६ हजार खर्च लेखेको छ ।

१२.२ त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षणविना अ.न.मी. ७, अहेव ६, असिस्टेन्ट सव इन्जिनियर २, सव इन्जिनियर १, खा.पा.स.टे. १ ना.प्रा.स कृषि ७, ना.प.शे.पा १, ल्याव असिस्टेन्ट २, पशु चिकित्सक १, कम्प्युटर अपरेटर २ समेत ३० जना करार कर्मचारीको बिगत बर्षदेखि म्याद थप गरी यस बर्ष तलब भत्ता बापत रु.१ करोड १४ लाख ८३ हजार ९६६ भुक्तानी गरेको छ।यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको तथा रिक्त पद पुर्तिको लागि लोकसेवा आयोगमा पठाएको नदेखिएको उक्त खर्च नियमसम्मत नदेखिएको रु. ११४८३९६६

| | |
|---|---|
| अनियमित भएको | १,१४,८३,९६६ |

१३ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रु.१० लाख ९२ हजार आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१४ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२० करोड ७१ लाख ३३ हजार, गरिवसगं विशेश्वर कार्यक्रममा रु.७ लाख ३० हजार, सामाजिक विकास कार्यक्रममा रु.३ लाख ७४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रु.१४ लाख ४५ हजार र राष्‍ट्रपति महिला शसक्तिकरण कार्यक्रममा रु.२ लाख समेत गरी रु. २० करोड ९८ लाख ८२ हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्रमा प्रविष्टि गरी वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ ।

१५ **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।साथै नेपाल सरकार सचिव स्तरको २०८०।९।१७ को निर्णय अनुसार अनिवार्य रुपमा यस्तो कोषको स्थापना गर्ने र कानुन वमोजिम पाउने उपदान, निवृत्तिभरण, औषधिउपचार लगायतका सम्पुर्ण सुविधा यसै कोषट खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकामा ४ जना स्थानीय सेवाका कर्मचारीहरु कार्यरत भएका र उक्त कर्मचारीहरुकालागि यस वर्ष रु.२८ लाख २८ हजार तलव खर्च लेखे पनि दश प्रतिशतले हुन आउने रकम २ लाख ८२ हजार कट्टा गरी सोही वमोजिम पालिकाले समेत अवकासकोषमा रकम जम्मा गर्नुपर्नेमा गरेको छैन। साथै कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था नभएको अवस्थामा समानीकरणवाट रु.२० लाख निकासा गरेको रकम नियम सम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २०,००,००० |

१६ **गत विगतको भुक्तानी**

१६.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी ३१ योजनामा रु. २ करोड २५ लाख ६६ हजार ४७२ भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१६.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१५) बमोजिम दायित्व सृजना भई भुक्तानी दिन वाँकिको विवरणमा समावेस भएको खर्च रकम मध्ये तलब, भत्ता, सरुवा भ्रमण भत्ता, घरभाडा, सेवा निवृत्त सुविधा तथा स्वीकृत वार्षिक कार्यक्रममा समवेश भएको सम्झौता वमोजिम भुक्तानि दिन वाँकी रहेको रकममात्र वजेटमा समावेस गरी भुक्तानी दिन मिल्नेमा निम्नानुसार वित्तिय उत्तरदायित्व ऐन तथा नियमावली अनुसार दायित्व भुक्तानी दिन नमिल्ने खर्चहरु भुक्तानी दिएको देखिन्छ । यस्ता खर्चको दायित्व भुक्तानी वाँकी राखि खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। साथै नियमावली विपरित भुक्तानी भएको अनियमित देखिएको रु.

| क्र सं. | भुक्तानी दिन बाँकीको कार्यक्रम/योजना/ विवरण | रकम |
|---|---|---|
| १ | फुटकर बिपन्न उपचार सहयोग (विभिन्न अस्पतालको विल अनुसार) | १०६०००. |
| २ | वडा नं. २ प्रशासनिक खर्च अल्या | ६०००००. |
| ३ | ठाकुर पुन उपचार सहयोग प्यूठान नगरपालिका वडा नं. ८ | २५,०००.०० |
| ४ | सर्पदंश उपचार केन्द्र स्वर्गद्वारी नगरपालिका सहयोग | ५०००००. |
| ५ | विपन्न नगरबासीहरुलाई विपद् जोखिम स्वास्थ्य उपचार तथा अन्य सहयोग(उपमेयर कोष) | १३३९८०. |
| ६ | डिजिटल प्रोफाईल | ७७,२२३.०० |
| ७ | डिजिटल प्रोफाईल | ४२००००. |
| ८ | डिजिटल प्रोफाईल | २८१०००. |
| ९ | डिजिटल प्रोफाईल | ७२१७७७. |
| १० | राजश्व सुधार कार्ययोजना निर्माणको भुक्तानी | ४५००००. |
| | जम्मा | ३३१४९८०. |

| | |
|---|---|
| अनियमित भएको | ३३,१४,९८० |

## १७ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## १८ बैङ्क हिसाव विवरण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

| खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक रु. |
|---|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ९०८२६३ | ० | ९०८२६३ |
| ग २.७, विविध खर्च खाता | ३३५२१९४ | ३३५२१९४ | ० |
| ग ३.१, स्थानीय तह धरौटी खाता | १३२४८५६३ | १३२४८५६३ | ० |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | २३०५४०१४ | २३१५९६०७ | -१०५५९३ |
| ग ७.१, स्थानीय तह आकस्मिक कोष खाता | ९८६९२० | ९८६९२० | ० |
| जम्मा | ४१५४९९५५ | ४०७४७२८५ | ८०२६७० |

विवरण अनुसार श्रेष्तामा भन्दा वैकमा रु.८ लाख २ हजार ३६९ घटी मौज्दात रहेको छ । घटी मौज्दात सम्वन्धमा एकिन गरी आम्दानी म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गरेको छैन । अत: श्रेस्तामा भन्दा बैंकमा घटी मौज्दात देखिएको सम्बन्धमा एकिन हुनुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ८,०२,६६९ |

१९ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत दुई जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. २७ लाख ७८ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

• कार्यालयको नाममा रहेको स्काभेटर (व्याक्होलोडर ) को संचालन कार्यविधि नवनाइ प्रयोगमा आएकोले व्यवस्थित रुपमा संचालन हुन सकेको देखिएन । कार्यविधि वनाई संचालन हुनुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२० **खरिद गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ वमोजिम अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१५ करोड ६४ लाख ९२ हजार को खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन । खरिद गुरुयोजना तयार गरी खरिद कार्यलाई व्यवस्थापनलाई प्रभावकारी वनाउनुपर्दछ ।

२१ **सञ्चित कोषमा स्थानान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.३० लाख ३२ हजार पुँजीगत खातामा रु.३० लाख ३३ हजार गरी जम्मा रु. ६३ लाख ९२ हजार मौज्जात वाँकी देखिएकोमा सञ्चित कोषमा स्थानान्तरण गरेको छैन। तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

२२ **खर्च वृद्धि**

तपसिलका चालु प्रकृतिका काम खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । कार्यालयले खर्च वृद्धि भएकोमा सोको कारण खुलाएको छैन। यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

(रकम रु हजारमा)

| **सि.नं.** | **खर्च शिर्षक** | **२०७९।८० को खर्च** | **२०८०।८१ को खर्च** | **वृद्धिको कारण** |
|---|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | १९७४२ | २२५१६ | |
| २ | वैंठक भत्ता | ६२५ | १२२८ | |
| ३ | जलपान | १९९७ | २२७३ | |
| ४ | इन्धन | ४४९४ | ४७४२ | |
| ५ | मसलन्द | ३८४९ | ४००० | |
| | जम्मा | ३०७०७ | ३४७५९ | |

२३ **दायित्व भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४७९,०७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२४ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविधतर्फ मात्र रु.२२ लाख ७३ हजार तथा विविध कार्यक्रम खर्चमा रु. १२ लाख ९४ हजार गरी कुल रु.३६ लाख ६७ हजार खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२५ **कण्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को अनुसूची १ बमोजिम लागत अनुमान तयार गर्दा लागत अनुमान रकमको वर्क चार्ज २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कण्टिजेन्सी खर्चको व्यवस्था गरेको छ। कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा ४ प्रतिशत रकम कण्टिजेन्सीको व्यवस्था गरेको छ । कन्टिन्जेन्सी खर्च जुन योजनाको लागि व्यवस्था गरिएको हो सोही योजनामा खर्च गर्नुपर्दछ । अभिलेख अनुसार यो बर्ष कण्टिजेन्सीमा रु.३७ लाख ४१ हजार खर्च गरेको देखिन्छ । उक्त खर्च कुल पूँजिगत खर्चको २.३९ प्रतिशत रहेको छ । यस्तो खर्च मर्मतमा ९६ हजार सवारी साधन खरिद रु.३ लाख ६६ हजार र निर्माण तथा अन्य पुँजिगत रु.३२ लाख ७९ हजार खर्च गरेको छ। कन्टिन्जेन्सी खर्च जुन योजनाको लागि व्यवस्था गरिएको हो सोही योजनामा संग सम्वन्धितमात्र खर्च गर्नुपर्नेमा गरेको देखिदैन । साधारण तथा कार्यालय संञ्चालन खर्चमा छुट्टै वजेट विनियोजन भएको अवस्थामा यस प्रकारको खर्च स्वभाविक देखिदैन ।अत: यस्तो खर्च नियन्त्रण गरी योजनासंग सम्वन्धित आवश्यक खर्च मात्र कण्टिजेन्सीवाट खर्च गर्नुपर्ने देखिन्छ।

## २६ कानुन निर्माण तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १३ वटा ऐन तथा ६२ नियमावली तथा कार्यबिधि स्वीकृत भए पनि सोको प्रभावकारी कार्यान्वयन भएको देखिदैन ।

## २७ न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायीक समितिमा गतवर्षको १२ यस वर्षको ४८ समेत ६० मद्धा मध्ये ३१ फर्स्यौट भई २९ वाँकी रहेको छ। समितिमा परेको उजुरीको तोकिएको समयमा टुङ्गो लगाउने तथा सोको अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

## २८ सेवाप्रवाहको स्थिति

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| नागरिकता सिफारीस | २७२३ |
| घरवाटो सिफारीस | १६९१ |
| नाता प्रमाणित | ८१३ |
| व्याक्तिगत घटना दर्ता | २२३१ |
| अन्य सिफारीस | ९१३४ |
| जम्मा | १६५९२ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा प्रवाहको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

## २९ सामुदायिक वनको आय

सामुदायिक वनको आय – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत पालिकाको संचित कोषमा जम्मा भएको छैन । अत: बन कार्यालयसंग समन्वय गरी आफ्नो क्षेत्रभित्रको सामुदायिक वनको वन पैदावार विक्री वापतको रकम कानून बमोजिम प्राप्त गर्नु पर्दछ ।

## ३० राजश्व असूली

यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थितिनिम्न अनुसार रहेको छः राजश्व उठ्ने क्षेत्रहरु पहिचान गरी राजश्व वृद्धि गरी आन्तरिक श्रोतको परिचालनमा वृद्धि गर्नुपर्दछ ।

(रकम रु हजारमा)

| सि.नं. | राजश्वको नाम | २०७९।८० कोअसूली | २०८०।८१ कोअसूली |
|---|---|---|---|
| १ | आन्तरिकराजश्व | २५५३२ | ३३२२३ |
| २ | सघीयसरकार राजश्वबाँडफाटबाट प्राप्त आम्दानी | ८८२९२ | ९६८७२ |
| ३ | सरकारराजश्वबाँडफाटबाट प्राप्त आम्दानी | ११३६० | १२७५३ |
| ४ | विभाज्यकोषको आम्दानी | २२४४ | ४५३१ |
| | जम्मा | १०१९२३ | ११४१९० |

३१ **आन्तरिक राजस्व सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।**

३१.१ कर तथा शुल्क असुली: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आ.व. : २०८०/८१ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मकोआम्दानी |
| १ | २ | ३ | ४ | ७ |
| १ | ११३१३ | सम्पती कर | ४,४१,५१,०७८.० | ६६,९९,४३५.०० |
| २ | ११३१७ | वहाल कर | ० | ३०,०७,९११.०४ |
| ३ | ११३१८ | वहाल विटौरी कर | ० | ८७,१४४.०० |
| ४ | ११६३१ | कृषितथा पशुजन्यवस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ४५०. |
| ५ | ११६९१ | अन्य कर | ० | ६,०३,७१०.०० |
| ६ | १४१५१ | सरकारी सम्पत्तीकोवहालबाट प्राप्त आय | ० | १,१०,०००.०० |
| ७ | १४२१२ | सरकारी सम्पतीकोबिक्रीबाट प्राप्त रकम | ० | ५०,०००.०० |
| ८ | १४२१३ | अन्य बिक्रीबाटप्राप्त रकम | ० | १,१३,७६६.०० |
| ९ | १४२१८ | विद्युत सेवा शुल्क | ० | ५००. |
| १० | १४२१९ | अन्य सेवा शुल्कतथा बिक्री | ० | १००. |
| ११ | १४२२१ | न्यायिक दस्तूर | ० | ११,२००.०० |
| १२ | १४२२४ | परीक्षा शुल्क | ० | १३,५००.०० |
| १३ | १४२२९ | अन्य प्रशासनिकसेवा शुल्क | ० | ७०,०००.०० |
| १४ | १४२४२ | नक्सापास दस्तुर | ० | १७,७९,८९९.६२ |
| १५ | १४२४३ | सिफारिश दस्तुर | ० | ३४,०६,१८१.६८ |
| १६ | १४२४४ | व्यक्तिगत घटनादर्ता दस्तुर | ० | ५,३३,७००.०० |
| १७ | १४२४५ | नाता प्रमाणितदस्तुर | ० | २५,०००.०० |
| १८ | १४२४९ | अन्य दस्तुर | ० | १३,५९,८१३.०० |
| १९ | १४२५३ | व्यावसायरजिष्ट्रेशन दस्तुर | ० | २८,९३,४९०.०० |
| २० | १४२६३ | जलस्रोत सम्बन्धीअन्य दस्तुर | ० | २७,४७,२६०.०० |
| २१ | १४२६५ | अन्य क्षेत्रको आय | ० | ० |
| २२ | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ० | १२,०००.०० |
| २३ | १४३१३ | धरौटी सदरस्याहा | ० | ५०,०००.०० |
| २४ | १४५२९ | अन्य राजस्व | ० | १,०१,०७,५८९.१० |
| २५ | १४६११ | व्यवसाय कर | ० | ७२,७१०.०० |
| २६ | १५१११ | बेरूजू | ० | ६,७६,१७८.०० |
| जम्मा | | | ४,४१,५१,०७८. | ३,४४,३१,५३७.४४ |

उल्लेखित अनुसार सम्पत्ति कर बाहेक अन्य करको राजस्व अनुमाननै नगरेको तथा पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले लक्ष्य वमोजिम असुली हुन सकेको देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

३१.२ उल्लेखित राजश्वको आम्दानी प्रतिवेदन अनुसार नगरपालिकाले यस वर्ष विभिन्न शिर्षकमा कुल रु.३ करोड ४४ लाख ३१ हजार ५३७ आम्दानी भएको देखाए पनि बैक विवरण अनुसार पालिकाको संचितकोषमा रु.३ करोड ३२ लाख २३ हजार १७२ दाखिला भएको देखिन्छ। कम दाखिला भएको रकम रु.१२ लाख ८ हजार ३६५ संचितकोष दाखिला हुनुपर्दछ रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,०८,३६५ |

३१.३ **आन्तरिक राजस्व सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।**

-कार्यालयले मुल संचित कोषको बैंक नगदी किताव तयार गरेको भएता पनि आन्तरिक आयको आम्दानी वाँधेकोमा रकम बैंक दाखिला भए नभएको यकीन नगरी सोझै जति राजस्वको सफ्टवयरले देखाउछ उति नै दाखिला गरेको मानि आम्दानी बाँधेको छ भने मासिक तथा वार्षिक रुपमा राजस्व खाता र संचित कोष खाताको सम्बन्धमा बैंक हिसाव मिलान गरेको छैन।

-आय ठेक्का अभिलेख नै नरहेको को कारण ठेक्का सम्बन्धी बाँकी बक्यौता असुली व्याज जरिवान यकीन गर्न तथा फाईल परीक्षणमा समस्या परेको - राजश्व मलेपफा नं १०१ देखि ११५ सम्मको अभिलेख नराखेकोले राजश्व आम्दानी, राजस्व छुट सहुलियत, राजश्व बक्यौता, बैक दाखिला, सञ्चित कोष दाखिला बारे यकीन हुन सकिएन ।

- स्थानीय उत्पादन निकासी कर लगाईएको पाईएन।

-वडाको आम्दानी सम्बन्धमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई मात्र आधार मानि लेखापरीक्षण सम्पन्न गरिएको छ।

-पालिका भित्रका स्थायी लेखा नं लिएका करदाता, बहालकर बुझाउनुपर्ने करदाताको विवरण माग तथा वहाल कर नवुझाई कर चुक्ता दिन नहुने व्यवस्थाका लागि आन्तरिक राजस्व कार्यालयसँग सहकार्य गरेको छैन।

३२ **ढुङ्गा गिटी वालिवा विक्रि**

पालिका अन्तर्गत राजश्वको क्षेत्रमा रहेको ढुङ्गा गिटी वालुवा विक्री सम्वन्धमा पहिचान भई IEE भएका २ खोला तथा घाट मध्ये प्रथम पटक २०८०।५।५ मा सूचना प्रकासन भएकोमा खैरा गोलापुर वेलुवा तल्लो तथा जुम्री घाटको ओशन ईकन्सल्टेन्ट कन्ट्रक्सन सप्लायर्सलाई रु.४५ लाख ३१ हजार ३००को प्रस्ताव स्वीकृत गरी २०८०।७।१४ मा सम्झौता गरेको देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहायमा उल्लेख छन:

३२.१ ढिला दाखिला: आय सम्झौता अनुसार सम्झौताको वखत २० प्रतिशत, दोस्रो किस्ता पचास प्रतिशत चैत्र मसान्त भसत्र तथा तेस्रो किस्ता ३० प्रतिशत २०८१।२।२० भित्र दाखिला गरी सक्नुपर्नेमा निम्नानुसार दाखिला गरेको देखिन्छ । ढिला गरी दाखिला गरेको रकमको सम्झौताको सर्त अनुसार निम्नानुसारको ब्याज रकम असुल हुनुपर्ने रु. १,०५,२०९।०

| किस्ता | दाखिला मिति | दाखिला रकम | ढिला दाखिला अवधि | ढिला दाखिलाको ब्याज |
|---|---|---|---|---|
| प्रथम | २०८०।७।१४ | ९०६२६०।० | समयमानै दाखिला | |
| दोस्रो | २०८१।३।१४ | ३००००००।० | ४ महिना ढिला | १००००० |
| तेस्रो | २०८१।३।३० | ६२५०४०।० | ३० दिन ढिला | ५२०९ |
| | | | जम्मा | १,०५,२०९।० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०५,२०९ |

३२.२ आय ठेक्कामा भ्याट कर

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **७९१,७३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३३ **दुधमा अनुदान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५६,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३४ **बैठक अनुगमन भत्ता**

बैठक तथा अनुगमन भत्ता भुक्तानी गर्दा मितव्ययी रुपमा गर्नुपर्दछ । बैठक संचालन तथा बैठक भत्ता प्रदान गर्दा स्पष्ट विषयवस्तु र कार्ययोजना सहित बैठकको लागि विशेषज्ञ सेवा आवश्यक पर्ने भएमा विज्ञ सहायक कर्मचारी र सहयोगी कर्मचारी आमन्त्रित गरी मितव्ययी रुपमा भत्ता भुक्तानी गर्नुपर्नेमा स्पष्ट मापदण्ड विना धेरै संख्यामा आमन्त्रित राखि बैठक भत्ता भुक्तानी गरेको पाइयो । यस्तो खर्च नियन्त्रण गरी मितव्ययी रुपमा गर्नुपर्दछ । केही उदाहरण निम्नानुसार छन् ।

| भौ नं ।मिति | बैठक संख्या | आमन्त्रित संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| ४४६।०८१।३।२० | ५ वटा (५४) | २८ जना | ५४०००। |
| ४९५।०८१।२४ | ६६ वटा | नखुल्ने | ५९००००। |

३५ **शिक्षा तर्फ**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी प्रति विद्यार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्क भन्दा निम्नानुसार वढी हुने गरी निकासा दिएको देखिन्छ ।

३५.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,०००** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३५.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२९,३१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३५.३ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१८,४७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६५,४९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,१०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३६ **मुल्य अभिवृद्धि कर दर्ता**

९१।२०८१।३।५ सार्वजनिक खरिद नियमावली: २०६४ को नियम १९ वमोजिम बीस हजार रुपैयाँ भन्दा वढीको खरिद कार्य गर्दा आन्तरिक राजश्व कार्यालयवाट स्थाई लेखा नंबर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका फर्मवाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ ।बाल विद्या भण्डार स्कूलमा शैक्षिक गुणस्तर अभिबृद्धि कार्य भित्ते लेखन कार्य आर्ट तथा सुलेखन केन्द्रवाट गराई रु.२ लाख ९१ हजार भुक्तानी गरेकोमा रु.२० हजार भन्दा कमका १८ थान पान विल जारी गरेको पाईयो। अत: कानून बमोजिम मूल्य अभिवृद्धि करमा दर्तावालासंग कारोवार गर्ने तर्फ ध्यान दिनु पर्दछ।

३७ **अनुगमन**

१२१।२०८१।३।१८ (चालु शसर्त) व्यवस्थापकीय र शैक्षिक सुधारमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई नतिजामा आधारित प्रोत्साहन अनुदानका लागि छनौटका आधार २०७९ को बुँदा नं ६ मा अनुदान पाउने विद्यालयका प्रधानाध्यापकले विद्यालयको आवश्यकताका आधारमा शैक्षिक तथा व्यवस्थापकीय पक्षमा सुधार गर्न सहयोग पुर्याउने गरी प्रोत्साहन अनुदान खर्च सम्बन्धी प्रस्ताव तयार गर्नु पर्ने र बुँदा नं ८ मा प्रोत्साहन अनुदान पाउने विद्यालयले उक्त अनुदान रकमबाट संचालित कार्यक्रमका प्रमुख उपलब्धि समेटेर अनुसूची १ को ढाँचामा स्थानीय तहमा र स्थानीय तहले अनुसूची २ को ढाँचामा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ भनी उल्लेख छ। शैक्षिक व्यवसाथपकीय सुधार सुशासनमा उत्कृष्ट कार्य गरेको विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान वापत प्रथम भएको सिद्ध मा. वि. जुम्रीकाँडा लाई रु.३ लाख र दोश्रो भएको जनता मा वि बाम्दुलालाई रु.२ लाख भुक्तानी गरेको पाइयो । विद्यालयले बुँदा नं ६ र ८ अनुसार अनुदान खर्च सम्बन्धी प्रस्ताव तथा प्रतिवेदन नगरेको तथा बुँदा ८ अनुसार पालिकाले अनुसूची २ को ढाँचामा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा प्रतिवेदन नगरेको देखिएकोले सो सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश हुनु पर्ने देखिन्छ ।

३८ **पढ्दै कमाउँदै कार्यक्रम**

११३।२०८१।३।१६(चालु शसर्त) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत पढ्दै कमाउँदै कार्यक्रम संचालन कार्यविध २०७८ को बुँदा नं २७ र २८ मा कार्यक्रम अनुगमन तथा निरीक्षण र प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले पढ्दै कमाउँदै कार्यक्रम अन्तरगत

क्षेत्र विकास मा.वि. लाई च्याउ घर निर्माण कुखुरा पालन र तरकारी खेती वापत कूल लागत रु.५ लाख ५६ हजार मध्ये पालिकाबाट रु.५ लाख अनुदान खर्च लेखेको पाइयो। कार्यविधि अनुसार अनुगमन निरीक्षण गरी प्रतिवेदन पेश गर्नुपर्नेमा सो अनुसार भएको नपाइएकोले सो सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश हुनु पर्ने देखिन्छ ।

३९ **बढि भुक्तानी**

१२७।०८१।३।१९ कार्यसंचालन निर्देशिका २०७७ को बुँदा नं १.१.१५(४) मा सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको प्रशिक्षक भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने उल्लेख छ । कार्यालयले बाट विषयगत शिक्षक कार्यशाला र IEMIS सम्बन्धी काम गर्ने शिक्षक कर्मचारीको क्षमता विकास तालिम संचालन गरी रु.५लाख ७२ हजार २६७ खर्च लेखेकोमा निम्नानुसार आन्तरिक प्रशिक्षकहरुलाई कार्यपत्र वापत मात्र भुक्तानी हुनु पर्नेमा बढि भुक्तानी भएको रकम रु१७००। असुल हुनुपर्ने रु

| सि नं | पद नाम | सेसन संख्या | पाउने दर | कर कट्टि पाउने रकम | कर कट्टि गरी भुक्तानी | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| | क शि श्री किरण के सी | ५ | १००० | ४२५० | ५९५० | १७०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,७४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,०६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७०० |

४० **अवलोकन भ्रमण कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने,रोजगारी सृजना हुने तथा जनसहभागिता कायमहुने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। अन्तरपालिका संमन्यात्मक परामर्श अध्ययण अबलोकन भ्रमण कार्यक्रमबाट पालिका बाट कर्मचारी र जनप्रतिनिधिको टोली कर्णाली प्रदेश का बिभिन्न स्थानिय तहसम्म अबलोकनमा गई रु.४ लाख ५१ हजfर ६०० र वाड न ३ बाट अवलोकन भ्रमण कार्यक्रमबाट पुर्बी क्षेत्रका विभिन्न स्थानिय तह तथा ईलाम सम्म भ्रमणमा गई रु.३ लाख खर्चगरेको देखिन्छ। अधिकतम प्रतिफल दिने,रोजगारी सृजना हुने तथा जनसहभागिता कायमहुने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्दछ ।

४१ **क्याम्पसलाई अनुदान**

क्याम्पसलाई अनुदान: ३५९-०८१/३/०९(चालु)स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ र प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्दछ।त्यस्तै विद्यालय शिक्षामात्र स्थानीय सरकारको कार्यक्षेत्रमा पर्नेमा आफ्नो कार्यक्षेत्रमा नपर्ने स्वर्गद्धारी वहुमुखी क्याम्सलाइ क्यामपस ब्यवस्थापन सहयोग रु.१५ लाख अनुदान दिएको छ। नगरपालिकाको कार्य क्षेत्र वाहिर क्याम्पसलाई अनुदान दिएको रकम अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १५,००,००० |

४२ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्राहरुका लागि Jasmine Hygiene Products Pvt Ltd बाट ४५०५० थान स्यानिटरी प्याड रु.९००५३५। (मु.अ.कर समेत) मा खरिद गरेको छ। गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा नराखेको भण्डार निरीक्षणबाट देखियो। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

४३ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी २ फर्मलाई रु.१५०५४८६। भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

४४ **एम्वुलेन्स सेवा**

प्यूठान नगरपालीकावाट संचालनमा आएको एम्वुलेन्स संचालनमा राजस्व शाखामा पेश भएको विवरण अनुसार २०८०।१०।९ मा रु.३० हजार,१०।१५ मा रु. २५ हजार , ०८१ ।१।७ मा रु.५० हजार र ०८१।२।१६ मा रु.३४ हजार १०० र ०८१।३।३१ मा रु.३० हजार गरि जम्मा रु.१ लाख ६९ हजार १०० राजस्व खातामा दाखिला भएको छ । प्रयोग भएका सम्पुर्ण रसिदहरु पेश नभएकाले राजश्व रकम एकिन भएन रसिद नियन्त्रण खाता तथा वुझेका रसिद तथा उपयोग भएका सम्पुर्ण रसिद पेश गरी आम्दानी भएको सम्पुर्ण रकम राजश्व दाखिला हुनुपर्दछ ।

४५ **कर कट्टी नभएको**

२७३-०८१/०२/१६(चालु) आयकर ऐन २०५८ को दफा ८८ बमोजिम भत्ता भुक्तानी गर्दा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने ब्यबस्था छ। भकारो सुधार कार्यक्रमका लागि पालिका अन्तरगतका वडाहरुमा कृषक समुह, सहाकारी संस्था तथा कृषक छनौटमा स्थलगत अनुगमनमा खटिए बापत जनप्रतिनिधि, कृषि तथा पशुसेवा तर्फका पदाधिकारी १५ जनाले रु. ४७ हजार भत्ता भुक्तानी गर्दा रु.७,०५०।० कर कट्टी हुनुपर्नेमा रु.२,१००।० मात्र भएकाले नपुग कर असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९५० |

४६ **बढि भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,७८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४७ **बढि भुक्तानी**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४३,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४८ **आलुको विउ वितरण कार्यक्रम**

४८.१ पालिकाले स्वीकृत कार्यक्रम अनुशार आलुको बिउ खरीद तथा बितरण ५० प्रतिशत अनुदान कार्यक्रममा पालिका अन्तरगत निम्न ५ वटा वडाहरुको लागि रु.१५ लाख ५० हजार तथा पचास प्रतिशत किसानको समावेस गरी आलु खरिद गरी बितरण गरेको देखिन्छ। प्रिवेशिक कृषि सहकारी संस्था मैनापोखरी बर्दिया बाट बिभिन्न मितिमा पटक पटक गरी खरीद गरी रु.२५लाख ६६ हजार ३२० खर्च भएकोमा पालिकावाट रु.१३ लाख ५५ हजार १६० भुक्तानी भएको छ। यस सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्ले छ ।

| वाड न | भोचर न मिति | आपुर्तिकर्ता | जम्मा खरीद | पालिका वाट अनुदान |
|---|---|---|---|---|
| १ | ३०२-०८१/०२/२६ | प्रिवेशिक कृषि सहकारी संस्था मैनापोखरी बर्दिया | ३१४४००। | १५७२००।० |
| २ | ३०४-०८१/०२/२६ | | ८७७९२०। | ४३८९६०।० |
| ७ | ३०५-०८१/०२/२६ | | ६०००००। | ३०००००।० |
| ९ | ३०३-०८१/०२/२६ | | ३३६०००। | १६८०००।० |
| १० | ३०६-०८१/०२/२६ | | ४३८०००। | २१९०००।० |
| जम्मा | | | २५६६३२०। | १३५५१६०।० |

४८.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ वमोजिम मालसामानको लागत अनसमान तयार तथा स्वीकृत गरी सोही आधारमा खरिद गर्नुपर्नेमा लागत अनुमान तयार नगरी आलुको विउ खरिद गरी रु.२५ लाख ६६ हजार ३२० (किसानको सहभागिता समेत) भुक्तानी भएको छ । लागत अनुमान तयार तथा स्वीकृत नगरी खरिद गरीएकोले खरिद लागत सम्वन्धमा एकिन हुने अवस्था छैन । लागत अनुमान स्वीकृत गरी गुणस्तरीय खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

४८.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट खरिद गर्न नपाउने व्यवस्था रहेको छ।आलु खरिद कार्य एउटै आपुर्तकवाट पटक पटक गरी खरिद नियमावली विपरित खरिद गरेको अनियमित देखिएको रु.

| अनियमित भएको | १३,५५,२६० |
|---|---|

४९ **भरपाई नभएको तथा वढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियव (५) वमोजिम खर्च पुष्टि गर्ने प्रमाण संलग्न गर्नुपर्ने तथा उपनियम (१०) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। निम्नानुसारको खर्च गर्दा खर्च रकमलाई पुष्टि गर्ने प्रमाण नभएको तथा वढी भुक्तानी भएको पाईयो ।

४९.१ ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२२९,७६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

४९.२ फाँटवारी पेश नभएको: ४६४।०७१।३।२२कार्यालयले Seven Colours Multipurpose consultancy pvt. ltd लाई Preparation of land use classification and plan of pyuthan municipality कार्यको लागि रु.१३ लाख १ हजार ३११। भुक्तानी गरेकोमा सो सम्बन्धी फाँटवारी पेश नभएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,०१,३११ |

४९.३ भरपाई नभएको : पालिकाले निम्नानुसार भौचरबाट खर्च लेख्दा खर्च पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको पाइएकोले प्रमाण कागजात पेश हुनु पर्ने रु २१७९८६।४५

| भौ नं । मिति | आपूर्तिकर्ता | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| ३८२। २०८१। ३।१३ | पावर विज अर्डर एण्ड सप्लायर्स | CCTV तथा Hoarding Board जडान कार्य | १५००००। | लागत अनुमान, खरिद आदेश, जिन्सी दाखिला, मूल्यांकन समितिको निर्णय, कार्य सम्पन्न भएको प्राविधिकपुष्टाइ तथा अनुगमन प्रतिवेदन पेश हुनु पर्ने |
| ४६७। २०८१। ३।२२ | Mallarani Medico Pharma/G-Brothers clinic | विभिन्न स्वास्थ्य सामाग्री खरिद | ६७९८६। ४५ | जिन्सी दाखिला, मौम्दात तथा वितरण भरपाइ पेश हुनु पर्ने |
| | | जम्मा | २१७९८६। ४५ | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६९,४७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१७,९८६.४५ |

४९.४ रकम नवुझेको: ४९५।०८१।२४ सव इन्जिनियर श्री विकास के. सी.को ९ वटा बैठक वापत कर कट्टि पछि रु.७ हजार ६५० र नगर सभा सदस्य श्री कृष्ण बहादुर जि.सी.ले बैठक वापत कर कट्टि पछि रु.८५०। गरी रु.८५००। रकम बुझेको नदेखिएकोले उक्त रकम संचित कोष दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,५०० |

४९.५ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **७००,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५० **प्रतिस्पर्धा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ र ३क वमोजिम निर्माण कार्यको प्रतिस्पर्धालाई संकुचित र सीमित नहुने गरी खरिद योजना वनाई निर्माण कार्य गर्नुपर्दछ। निर्माण कार्य गर्दा ठेक्कावाट गराएकोमा केही काम सुरु लागतमानै समावेस नगरी कोटेसन वाट गराएको देखिन्छ।यसरी कोटेसनवाट गराउँदा वोलपत्रवाट गराएको भन्दा निम्नानुसारका पाँच योजनामा रु. ८ लाख ४७ हजार १५५ वढी लागत परेको छ। यस सम्वन्धि व्यहोरा देहायमा उल्लेख छ ।

| भौ.नं.मिति | कामको विवरण | निर्माण व्यवसायी | लागत | कार्यसम्पन्न | बोलपत्रको ठेक्का अंक | वोलपत्रमा घटेको प्रतिशत | कोटेशनमा परेको वढी लागत |
|---|---|---|---|---|---|---|---|
| २२।८१।३।२१ | वागदुला वसपार्क स्तरोन्नती | वि.एम निर्माण सेवा | ९९६७०५ | ९९३५३३ | २५२५०३९। | ५० | ४९७४७९ |
| २७।८१।३।२४ | कार्कीडाडा लिफ्ट खानेपानी यो. | मा राप्ती ईलेक्ट्री | ४८०२४७ | ४८०२४७ | ४८४३२२८। | ३० | १४३०६६ |
| २६५।८१।३।१७ | मुल सडक देखि वडा नं. २ मो वा | भौका कन्ट्रक्सन एण्ड विल्डर्स | ४८६०९६ | ४५६०२४ | ७६००६०। | ३४ | १२६७०० |
| ३०४।८१।३।२२ | जुम्रीटारी ढुङ्गेठाँटी सडक | एस वि ई ईन्जीनीयरिङ | ३७४८५८ | ३७४३५६ | ५३९११७३। | २१ | ७९९१० |
| | | | | जम्मा | | | ८४७१५५।० |

यसरी सुरु लागत अनुमानमानै उक्त परिमाण थप गरि वोलपत्र द्धारा कार्य गर्नुपर्नेमा खरिद योजनमा समावेस नगरि प्रतिस्पर्धालाई संकुचित र सीमित हुने गरी निर्माण कार्य गर्दा वढी लागत पर्नगरी निर्माण कार्य गराएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,४७,१५५.०४ |

### ५१ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु. १० लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउपत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्नेमा सोझै खरिद विधि अपनाई खरिद गर्ने गरेकोले खरिद कार्य स्वच्छ, मितव्ययी र नियमसंगत छ भनी विश्वस्त हुन सकिएन । निम्नानुसार एउटै किसिमको खरिद पटक पटक खरिद गरेको देखियो। सोझै खरिद कार्यमा नियन्त्रण गरी शिलवन्दी दरभाउपत्र र वोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराई मितव्ययी र पारदर्शी रुपमा गर्न तर्फ ध्यान दिनुपर्दछ । सोझै खरिद गरेको उदारण निम्न छन।

| क्र सं. | भौचर नं र मिति | विवरण | आपर्तिकर्ता/ निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|---|
| | | न पा पुँजिगत | | |
| १ | ४९।८०।१२।९ | फर्निचर फिक्चर | डिला अर्डर एण्ड सप्लायर्स | ८८४८४६ |
| २ | १५८।८१।२।२५ | फर्निचर फिक्चर | गौरव अर्डर सप्लायर्स | ४५८१६१ |
| ३ | २५०।८१।३।१६ | फर्निचर फिक्चर | राज अर्डर सप्लायर्स | ३४४४०१ |
| ४ | १५८।८१।२।२५ | कम्प्युटर तथा प्रिन्टर | ईलेक्ट्रो ईलेट्रोनिक्स | ७३७१२५ |
| ५ | २५०।८१।३।१६ | कम्प्युटर तथा प्रिन्टर | ग्यालेक्सी ईन्टरनेसनल | ९८०००० |
| ६ | ३०९।८१।३।२२ | कम्प्युटर | पावर ब्रीज सप्लायर्स | १४९८०० |
| | जम्मा | | | ३५५४३३३ |

### ५२ वीमा

वीमा : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.२० लाख भन्दा वढिको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, मेसिन/औजार, कामदार, निर्माण कार्यको वीमा गराउनु पर्ने व्यवस्था छ । त्यस्तै खरिद सम्झौताको विशेष

सरतमा वीको अवधि निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने अवधि भन्दा एक महिना वढी अवधिको हुनुपर्ने व्यवस्था रहेको छ । निम्नानुसारको निर्माण कार्यमा वीमा गराएकोमा ठेक्का सुरु भएको अवधि भन्दा पछि गरेको तथा कार्य सम्पन्न भई त्रुटी सच्याउने अवधि सम्मको म्याद भएको वीमाको पोलिसी पेश भएको देखिएन। खरिद सम्झौता तथा खरिद नियमावली वमोजिम वीमा नगरेकोले भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| भौ नं र मिति | कामको विवरण | निर्माण व्यवसायी | सम्झौता तथा सम्पन्न गर्नुपर्ने अवधि | वीमा गरेको अवधि | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १९८।८१।२।३२ | चेरनेटा सालघारी धाईरेचौर मोटरवाटो स्तरोन्नती | ए.वि. कन्ट्रक्सन | २०८०।११।३ देखि ८१।२।२९ | २०८१।२।८ देखि ८१।३।३ | २१९३२ |
| २२४।८१।३।१० | मूलुडक वडा नं २ मोटरवाटो | रेहन नि.से. | ८०।९।२३ देखि ८१।३।१० | पोलिसी पेश नभएको | २५३१० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,२४२ |

५३ **उपयोग नभएको**

सार्वजनीक खरिद ऐन, २०६३ को दफा ५ वमोजिम कुनै पनि खरिद कार्यको लागि लागत अनुमान तयार गर्नुपर्ने तथा कार्य सम्पन्न पछि सोको नापी तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ। यस वर्ष नगरपालिकाले निम्नानुसार निर्माण सामाग्री खरिद गरेकोमा लागत अनुमान तयार नगरेको तथा सोको नापी तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाईएन। अत: उक्त रु.१४ लाख २९ हजार को खरिद भएका निर्माण सामाग्रीको नापी तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| भौ.नं.मिति | कामको विवरण | निर्माण सामाग्रीको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १४।८०।१२।३ | डाँग्रेखोला सिख्रेखोला स्टिल ट्रस पुल निर्माण | स्टिल पार्टसहरु | ५१४०००।० |
| २७।८१।३।४ | कार्की डाडा थापागाउँ खानेपानी योजना | समरसेवल पम्प सहितका सामानहरु | ४८०२४७ |
| ३२५।८१।३।२३ | खानेपानीयोजना | HDP पाईप २०।१६ को १७९१ मी तथा २५।१६ को १५०० मी | १९१५५२ |
| ३१०-०८१/२/२८ | खानेपानी पाईपहरु | ५३३५के जी HDP पाईप | २४३२५५ |
| | | | १४२९०५४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,२९,०५४ |

५४ **वढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम १ वमोजिम निर्माण कार्यको भुक्तानी दिदा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा रनिङ विलको भुक्तानी हुनुपर्दछ । निम्न निर्माण व्यवसायीलाई प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादन भएको रकम भन्दा वढी भुक्तानी भएको देखियो । वढी भुक्तानी भएको उक्त रकम रु. १ लाख ४० हजार ५८८ ब्याज सहित असुल गरी संचितकोष दाखिला हुनुपर्ने रु.

| भौ.नं.मिति | कामको विवरण | निर्माण व्यवसायी | नापी तथा विल वमोजिमको रकम | भुक्तानी भएको रकम | वढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ६८।८०।१२।१३ | विजुवार थापागाउँ खलंगा मोटरवाटो | पदमा कन्ट्रक्सन | ४००११६४।० | ४११०८०२।० | १०९६३८।० |
| २९३।८१।३।२२ | क्यापस टाकुरा पाखाडाडा धरमपानी सडक | विकास निर्माण सेवा | ४२९०९५२।० | ४३२१९०२।० | ३०९५०।० |
| | | | | जम्मा | १४०५८८।० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४०,५८८ |

५५ **कार्य सम्पन्न:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२)क वमोजिम निर्माण कार्यको हकमा कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनको उद्देश्य अनुरुप उपयोगमा आएको अवस्थामा कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले लागत अनुमानको तुलनामा ४८ प्रतिशत न्युनमा खरिद सम्झौता भएको अवस्थामा भौतिक प्रगति नब्बे प्रतिशत भन्दा कम प्रगति भएको अवस्थामा कार्य स्वीकार प्रतिवेदन तयार गरी भुक्तानी दिएको छ। अत: नियमावली विपरित कार्य स्वीकार गरेको अनियमित देखिएको रु.

| भौ नं र मिति | कामको विवरण | निर्माण व्यवसायी | सम्झौता रकम | कार्य सम्पन्न | कार्य प्रतिशत |
|---|---|---|---|---|---|
| २६८।८१।३।१७ | मरन्ठाना चक्रपथ कालोपत्रे योजना | के टी एम निर्माण सेवा | १२४९०७६ | १०५४७८३ | ८४.६ |

| | |
|---|---|
| अनियमित भएको | १०,५४,७८३ |

५६ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२, परिच्छेद-६, नियम ८४ र नियम ८५ अनुसार वोलपत्र, सिलवन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न निम्नानुसारको रु.३६ लाख १५ हजार ७७४ को परामर्श सेवा लिएको देखिन्छ ।

| क सं. | परामर्शदाता | कामको विवरण | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| | **डि पि आर** | | | |
| १ | जि फोर्स ईन्जीनियरिङ सोलुसन प्रा.लि | वडा नं ८ कार्यालय भवन निर्माण | ६८५६८४ | उपयोगमा नआएको |
| | **विभिन्न परामर्श सेवा** | | | |
| २ | सेभेन कलर्स मल्टि प्रपोज कन्सल्टेन्सी | जग्गा वर्गीकरण | १४८८७७५ | जग्को वर्गीकरण भएको |
| ३ | नेपाल सेन्टर फर ईन्टिग्रेटेड | युवा रोजगारसम्वन्धि वजार विश्लेषण | ४५२००० | कार्यान्वयनमा नआएको |
| ४ | पालिकाको O&M सर्भे | आरम्भ कन्सल्टिङ प्रा लि | ४९१५५०. | कार्यान्वयनमा नआएको |
| | | कुल जम्मा | ३६१५७७४ | |

यसको सम्वन्धमा देखिएका व्यहोरा देहाय वमोजिम छन

५६.१ लागत अनुमान : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्मस, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्मस स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाइन्छ । नर्मस निर्धारण गरी लागत अनुमान तयार गर्नु पर्दछ

५६.२ पालिकामा प्राविधिक कर्मचारीहरुको दरवन्दी रहेकोमा पालिका स्तरीय योजनाको डि.पि.आर.तयार वाह्य परामर्शदातावाट कार्य गराएको, हाल सम्म भएका डि.पि.आर.प्रतिवेदनहरुको अभिलेख राखेको देखिदैन । पालिकाको कर्मचारीले गर्न नसक्ने अवस्थामा मात्र परामर्श सेवा लिने तथा तयार भएका प्रतिवेदनको अभिलेख व्यवस्थित गरेर राख्नुपर्दछ ।

५६.३ उपयोग : आवश्यकताका आधारमा मात्र परामर्श सेवा लिने तथा सोको अभिलेख राखि कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ। साथै डी पि आरको उयोगको सुनिश्चितता तथा कार्यान्वयनमा नआएको तथा विभिन्न परामर्श सेवा लिएकोमा उल्लेखित अनुसार क्रसंख्या १,३,र ४ को उपयोग भएको नदेखिएकोले पालिकालाई अनावश्यक व्ययभार पर्नेगरी कार्य भएको रु.

| | |
|---|---|
| अनियमित भएको | १६,२९,२२४ |

५६.४ विज्ञको उपस्थिति: परामर्श सेवा प्रदान गर्न विभिन्न विज्ञ परामर्शदाताहरुले कार्य गर्ने उल्लेख भएकोमा निजहरुको प्रमाणित हाजिर विवरण पेश भएको छैन। जसवाट सम्वन्धितको विज्ञता उपयोग सम्वन्धमा एकिन हुन सकिएन। सम्झौता वमोजिम विज्ञहरुको संलग्नता पुष्टि हुने प्रमाण संलग्न हुनुपर्दछ ।

५७ **भरपाई नभएको तथा वढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियव (५) वमोजिम खर्च पुष्टि गर्ने प्रमाण संलग्न गर्नुपर्ने तथा उपनियम (१०) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। निम्नानुसारको खर्च गर्दा खर्च रकमलाई पुष्टि गर्ने प्रमाण नभएको तथा वढी भुक्तानी भएको पाईयो ।

५७.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५५,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५७.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३९८,४८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५७.३ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५७.४ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५७.५ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१५,०१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५७.६ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५७.७ ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३९,००४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५७.८ ४७७-०८१/३/२३(चालु)पालिकाले नगरसभा बैठक भत्ता तथा अन्य खर्च कार्यक्रम संचालक ना सु श्री ओमप्रकाश पोख्रेल लाई रु.२३१६२१ भुक्तानी गरेको देखिन्छ ।सो कार्यक्रममा सहभागीहरु रेशमबहादुर कार्कीले रु.२००० हजार बुझेको नदेखिएकाले उक्त रकम असुल गर्नुपर्ने रु२०००

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,००० |

५७.९ भरपाइ बिना भुक्तानी: पालिकाको बार्षिक स्वीकृत २० युनिट वा रु ९० रुपैया सम्म विधुत महशुल छुट सम्बन्धी कार्यक्रम अन्तरगत न्युनतम विधुत महशुल उपभोग गरेबापतको शुल्क पालिका बाट भुक्तानी गरेकोमा विद्युत महसुलको बिलविना पत्रको आधारमा महशुल भुक्तानी लिएकाले बिलभरपाई पेश गर्नुपर्ने रु

| भौचर न/ मिति | विवरण | रकम |
|---|---|---|
| २४८-०८१/१/२५ | बिधुत महशुल | ३९००४ |
| २८४-०८१/२/२४ | बिधुत महशुल | ३४८३९ |
| ३३९-०८१/३/०४ | बिधुत महशुल | ३३१५७५ |
| ४४०-०८१/३/२० | बिधुत महशुल | ३३८४० |
| | जम्मा | ४३९२५८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३९,२५८ |

५७.१० ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५८ **पेश्की**

५८.१ बढी पेश्की: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क (१) बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण व्यवसायी वा आपुर्तिकर्तालाई बैंक जमानत लिई बीस प्रतिशतमा नवढ्नेगरी पेशकी दिन सक्ने व्यवस्था रहेको छ ।त्यस्तै खरिद सम्झौताको विशेष सर्तमा पेश्की रकम मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम वाहेको रकमको बीस प्रतिशत दश, दश प्रतिशतको दरले दिन सक्ने व्यवस्था रहेकोमा निम्नानुसारका निर्माण व्यवसायीलाई खरिद ऐन तथा खरिद सम्झौता विपरित निम्नानुसारका निर्माण व्यवसायीलाई वढी पेश्की दिएको पाईयो ।

| पेश्की लगेको मिति | ठेक्का नं. | पेश्की लानेको नाम | सम्झौता रकम | पेश्की पाउने | पेश्की रकम | वढी पेश्की |
|---|---|---|---|---|---|---|
| २।८०।१०।१७ | ६।८०।८१ | आर दक्षिणकालि निर्माण सेवा | ८३३३७९२।० | १६६६०००।० | १९३९००० | २७३०००।० |
| ८।८०।१०।२२ | ४।८०।८१ | के.टी.एम निर्माण सेवा | ४७७०९५१।० | ९५४०००।० | १०८७०००।० | १३३०००।० |
| २०।८०।११ऽ२ | ७।८०।८१ | रेहननिर्माण सेवा | ४००००९९।० | ८०००००।० | ९१००००।० | ११००००।० |
| २१/२०/२०८० | ५।८०।८१ | रेहननिर्माण सेवा | ६४४०५१९।० | १२८८०००।० | १४,७०,०००।० | १८८०००।० |
| | | जम्मा | | | | ७०४०००।० |

यसरी खरिद ऐन तथा खरिद सम्झौताको सर्त विपरित वढी पेश्की गएको छ। वढी पेश्की गएको मध्ये ठेक्का नं. २।८०।८१ को आर दक्षिणकालि निर्माण सेवालाई बैक जमानत रु.१९ लाख १६ हजार पेश भएकोमा पेश्की रु.१९ लाख ३९ हजार तथा ठेक्का नं. ५।८०। ८१ को रेहननिर्माण सेवालाई बैक जमानत रु.१२ लाख ८८ हजार पेश भएकोमा पेश्की रु.१४ लाख ७० हजार पेश्की दिएको छ। पेश्की दिदा खरिद कानुन तथा खरिद सम्झौताको पालना हुनुपर्दछ ।

५८.२ पेश्की वाँकी: सार्वजनिक खरिद ऐन, २०६४ को नियम ११३ को उपनियम (४) बमोजिम सार्वजनिक निकायले खरिद सम्झौतामा उल्लेख भए वमोजिम पेश्की फस्र्योट गर्नुपर्ने अवधि भन्दा एक महिना वढी अवधि म्याद भएको जमानत लिई पेश्की उपलब्ध गराउनुपर्नेमा ठेक्का नं ६।८०।८१ मरन्ठाना चक्रपथ कालोपत्रे गर्ने कार्यको निर्माण व्यवसायी रेहन निर्माण सेवा लाई रु.१२ लाख ८८ हजारको २०८१।३।३१ सम्ममात्र म्याद भएको जमानत लिई रु.१४ लाख ७० हजार पेश्की उपलब्ध गराएकोले देखिन्छ । ठेक्का सम्पन्न नभएको तथा पेश्की जमानतको म्याद समेत समाप्त भएकोमा फस्र्योट नभएकोले वढी पेश्की दिएको रकम रु.१ लाख ८१ हजार ८९६ को ब्याज समेत पेश्की फस्र्योट हुनुपर्ने रु

| पेश्की | १४,७०,००० |
|---|---|

५९ **उपभोक्ता समितिवाट काम गराएको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अन्तर्गत कार्यालयले यस वर्ष सडक, सिचाइ, खानेपानी लगायतका २७२ टुक्रा काम उपभोक्ता समितिवाट गराइ रु.८ करोड २५ लाख ७६ हजार भुक्तानी दिएको छ । यसको लेखापरीक्षणवाट निम्न व्यहोराहरु देखिएका छन् ।

५९.१ हस्तान्तरण: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन। सम्पन्न भएका योजना उपभोक्तालाई हस्तान्तरण गरी मर्मत सम्भार गर्ने जिम्मा दिनुपर्ने देखिन्छ ।

५९.२ उपभोक्ताको कामको गुणस्तर व्यवस्थापन : सार्वजनिक खरिद नियमावलीको नियम १११ को आधारमा गुणस्तर व्यवस्थापन गर्नुपर्नेमा सडक, सिचाइ, खानेपानी, भवन, निर्माण आदि उपभोक्ता मार्फत कार्य गराउँदा निर्माण सामाग्री परीक्षण गराएको पाइएन ।साथै यस निकायले गुणस्तर परीक्षण प्रयोगशाला र परीक्षण गर्ने जनशक्तिको व्यवस्था गरेको देखिएन । उपभोक्ताको कार्यको अन्य प्रयोगशालावाट परीक्षण गराउने अभ्यास भएको पनि देखिएन । यसमा सुधार गर्नु पर्दछ ।

५९.३ उपभोक्ता समितिलाइ मुल्य अभिवृद्धि कर: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर कट्टी गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समितिबाट हुने कार्यमा निर्माण कार्यमा प्रयोग हुने सिमेन्ट, तारजाली र ईट्टामा मूल्य अभिवृद्धि कर जोडी लागत अनुमान तयार गरी सोही वमोजिम संझौता गरेकोमा कार्यमूल्यांकन पश्चात मूल्यांकन भएको परिमाणमा खपत भएको निर्माण सामाग्रीमा समावेश भएको मूल्य अभिवृद्धि कर भन्दा घटी रकमको मूल्य अभिवृद्धि कर तिरेको कर विजक पेश हुँदा समेत मूल्यांकन अनुसारको पुरै रकम भुक्तानी दिएको देखिएकोले उपभोक्ताले वास्तविक तिरेको भन्दा बढी मुल्य अभिबृद्धि कर रकम असुल गर्नुपर्ने रु.

| भौ.नं.मिति | योजना | प्रयोग भएको निर्मण सामाग्री | मू.अ.कर भुक्तानी | विल पेश भएको | वढी मू.अ.कर |
|---|---|---|---|---|---|
| | प्रदेश पुँजिगत | | | | |
| २।८०।१।१० | भालावाङ धाईरेचौर सडक | सिमेन्ट ३८५ वोरा | ३६०३६ | २९२७१ | ६७६५ |
| ३।८०।१।२१ | वडाकार्यालय प्रहरीवीटसम्म तटवन्ध | सिमेन्ट ४५७ वोरा | ४२७७५ | २८०४२ | १४७३२ |
| ४।८०।२।१६ | माडीखोला तटवन्ध | तारजाली ११६० व मी | ४९७६४ | ३७६८२ | १३००० |
| ७।८०।२।३० | वतासेडाडा ओखरवोट सडक | सिमेन्ट ३५१ वोरा | ३२८५३ | २०२०७ | १२६४६ |
| १३।८०।३।३० | सारीवाङ सडङ्क स्तरोननति | तारजाली ६८२ व मी | २९१८७ | २१७६१ | ७४२५ |
| | पालिका पुँजिगत | | | | |
| १२०।८०।१२।२७ | आँखा अस्पताल जाने वाटो | सिमेन्ट १५१ वोरा | १६५०८ | ७७९० | ८७१८ |
| १४४।८१।२।२४ | वडा नं ३ मेथिखोला सडक | सिमेन्ट १९७ वोरा | १९०१५ | १५८४१ | ३१३४ |
| १८९।८१।२।३१ | साँडेखोला वतासे सडक | सिमेन्ट १९७ वोरा | ४७७३६ | ३४०६२ | १३६७३ |
| २९३।८१।३।५ | सिद्ध मा वि पर्खाल निर्माण | सिमेन्ट २९३ वोरा | २७३४० | २०६३८ | ६७०१ |
| २६०।८१।३।१७ | विभिन्न सिंचाई योजना मर्मत | तारजाली ६८२ व मी | ३१९७० | २७०४० | ४९३० |
| ३१४।८१।३।२३ | क्याम्पस टाकुरा पाखाडेरा धरमपानी सडक | सिमेन्ट १९० वोरा | १७६७० | ११३३७ | ६३३३ |
| ३२२।८१।३।२३ | वडा कार्यालय भवन वडा नं २ | सिमेन्ट ३३७ वोरा | ११७७३५ | ८९२४७ | २८४८८ |
| | | डण्डी ५९१६ Kg | | | |
| जम्मा | | | | | १२६५४५ |

| असुल गर्नुपर्ने | १,२६,५४५ |
|---|---|

५९.४ उपभोक्ता समितिको कार्य निर्माण व्यवसायीबाटः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (९) मा उपभोक्ता समितिबाट सन्चालन हुने निर्माण कार्यमा डोजर एक्साभेटर जस्ता हेभि मेशिनहरु प्रयोग गर्न नपाउने तर यदि लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएमा सम्बन्धित प्राबिधिकको सिफारिसमा मेशिन प्रयोग गर्न सक्ने ब्यबस्था छ। मेशिनबाट सडक ट्रयाक खोल्ने र बिस्तारको कार्य उपभोक्ताबाट नगद सहभागिता नगराइ मेशिन मात्र प्रयोग गर्नेगरी लागत अनुमान तयार तयार गर्दा नै स्पस्ट आधार र कारण खोल्नुपर्नेमा सो खुलाएको देखिएन। सोही नियमावलीको उपनियम (१३क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समितिलाइ भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफरिस गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष निम्नानुसारका सडकको माटो र चट्टान समेत काटी सडक बिस्तार गर्ने कार्यको उपभोक्ता समितिसँग सम्झौता गरेको देखियो। उपभोक्ता समितिले उक्त योजनामा उपभोक्ताको नगद सहभागिता नगराइ शत प्रतिशत मेसिनबाट कार्य सम्पन्न गरेको पेश भएका बिल

भर्पाइबाट देखिन्छ। मेशिन प्रयोगको घण्टा, कामको परिमाण, दर, उल्लेख नभएको निर्माण ब्याबसायीको कर बिजक संलग्न गरी उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। यसरी उपभोक्ता समितिले खातामा रकम जम्मा गरी एकाउन्टपेयी चेकबाट निर्माण ब्याबसायीलाइ रकम भुक्तानी नगरी मुल्यांकन रकमको हाराहारीको कर बिजक पेश गरेको अबस्थामा कार्यालयले उक्त कार्य निर्माण ब्याबसायीबाट गराए नगराएको सम्बन्धमा अनुगमन गरी उपभोक्ताको लागत नदेखिदा उपभोक्ता समितलाई कारवाही गरेको देखिएन।तसर्थ यस्तो कार्यको पालिकाबाट अनुगमन गरी उपभोक्ता समितिले शत प्रतिशत मेशिन प्रयोग गर्ने गरी सम्झौता गरी निर्माण व्यवसायीबाट कार्य गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| भौचर नं र मिति | योजनाको नाम | प्राविधिक मूल्याङकन | निर्माण व्यवसायी | निर्माण व्यवसायीको विल रकम | उपभोक्तालाई भुक्तानी |
|---|---|---|---|---|---|
| १०१।८१।१।२१ | देउराली ढुङ्गेठाटी सडक स्तरोन्नती | १६४९२२२ | राजपुर निर्माण सेवा | १६४९२३५ | १४५५००० |
| २३६।८१।३।१३ | वाँसवोट ठूलोगाउँ च्यानधारा सडक | ५५३८३८ | ओशिका कन्ट्रक्सन | ५५३८३८ | ४५८००० |
| २७३।८१।३।१७ | मूख्य सडकवाट वडा नं २ सडक | ७९७६५० | सिराफ वील्डर्स | ७९७६५० | ७७६००० |
| २९५।८१।३।२२ | लमछ्याङ गुरुङगाउँ सडक | १६२४०२४ | विकास निर्माण सेवा | १६२४०२४ | १४५५००० |
| १६।८०।११।२९ | वडा नं. १ पहिरो सफाई | १३१०८७९ | लेकाली निर्माण सेवा | १३१०८७९ | ११५११२० |
| १७।८०।११।२ | वडा नं. २ पहिरो सफाई | १०८६६१८ | जमुना निर्माण सेवा | ८०४३९६ | ९७०००० |
| १४।८०।१०।२९ | वडा नं. ८ पहिरो सफाई | ९७१५२० | शिखर निर्माण सेवा | ८७३००० | ८२१०५७ |
| ६२।८०।१२।१० | वडा नं. ९ पहिरो सफाई | ८६७४६९ | पदमा कन्ट्रक्सन | ८१४८०० | ८६७४६९ |
| ५८।८०।१२।८ | वडा नं. १० पहिरो सफाई | ६३९४५१ | पदमा कन्ट्रक्सन | ५७२००० | ६४१९९८ |
| जम्मा | | | | | ८५९५६४४ |

५९.५ ३००-०८१/०२/२६(चालु)मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६(ग) बमोजिम ठेक्का सम्झौता वा करार खन्तर्गत वस्तु तथा सेवा आपुर्ति हुंदा निर्माण ब्यवसायी, आपूर्तिकर्तालाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको ३० प्रतिशत कर रकम कट्टि गरी उक्त रकम निजको नामवाट सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले के. टी. एम. निर्माण सेवा लाई निर्माण कार्यवापतको रु.१,७०,१६९।० को कर रकम रु.२२,१२२।० भुक्तानी गर्दा तिस प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु.६,६३६।० कट्टी तथा दाखिला नभएकोले मूल्यअभिवृद्धि कर समायोजन पेश हनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,६३६ |

६० **आन्तरिक लेखापरीक्षण प्रतिवेदनका व्यहोराहरु**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियव ५ वमोजिम खर्च पुष्टि गर्ने प्रमाण संलग्न गर्नुपर्ने तथा उपनियम (१०) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। निम्नानुसारको खर्च गर्दा खर्च रकमलाई पुष्टि गर्ने प्रमाण नभएको तथा वढी भुक्तानी भएको पाईयो ।

६०.१ ५९।०८०।७।२३ शिवालय मेला संचालनको लागि मेयर उपमेयर कोषवाट रु.१ लाख ५० हजार भुक्तानी दिएकोमा सोको प्रतिवेदन तथा विल भरपाई पेश नभएकोले खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

६०.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६०.३ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२८५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६०.४ ३७।०८०।११।२५ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ को उपनियम ४ वमोजिम निर्माण भएको कामको उपयुक्तताको परीक्षण गर्नुपर्ने व्यवस्था छ । युद्ध पर्यटकिय स्थल दैले सिमलमा माओको शालीक निर्माण गरीएकोमा ,चर्केको , उप्कीएकोले सोको उपयोगको सुनिश्चित नभएकोले भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२०,००० |

६०.५ ३०७-०८१।२।२७ मा से १ प १७२२ मा इन्धन ५५ लिटर डिजेल खर्च भएकोमा सोको लगवुक पेश नभएको ले पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,८०० |

६०.६ १५०।०८०।११।२२ ढाँडमंग्रा स्वास्थ्य चौकि व्यवस्थापनमा रु.९७ हजारमा खरिद भएका फर्निचर , सिलिङ फ्यान, गोलो भर्याङ जिन्सी खातामा आम्दानी वाधेको प्रमाण पेश नभएकोले दाखिला गरी सोको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९७,००० |

६०.७ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४१,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६१ **कर कट्टी नभएको**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,०७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **११,६७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,२७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **११,०७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,९६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,९६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **-१११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१०,१९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,३२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,३२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ६२ स्थानीय तहका पदाधिकारी सुविधा

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बीनी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकीकरण गर्न वनेको ऐन,२०७६ जारी गरेकोछ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. १ करोड १५ लाख २४ हजार सुविधा वापत भुक्तानी भएको छ । यस्तो सुविधा पालिकाको आन्तरिक आय रु३४४३१५३७। को तुलनामा ३३.४६ प्रतिशत रहेको छ ।

| क्र सं. | सेवा सुविधा | प्रमुख | उपप्रमुख | वडाध्यक्ष १० जना | कार्यपालिका स. ८ | सभा सदस्य.३४ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | यातायात खर्च | ० | १४४००० | १४४०००० | ८५२००० | १४२८००० | ३८६४००० |
| २ | पुस्तक,पत्रीका, ईन्टरनेट | ६०००० | ६०००० | ३६०००० | ३२४००० | ८१६००० | १६२०००० |
| ३ | टेलिफोन,मोबाइल | ४८००० | ४८००० | ७२०००० | २८८००० | १०२०००० | २१२४००० |
| ४ | अतिथि सत्कार | ७२००० | ७२००० | ८४०००० | २१६००० | | १२००००० |
| ५ | समन्वय /जनसम्पर्क | ९६००० | ९६००० | | ५५२००० | १२२४००० | १९६८००० |
| ६ | खानेपानी | ६०००० | ६०००० | | | | १२०००० |
| ७ | मर्मत संभार | ६०००० | ६०००० | | | | १२०००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | १२०००० | ८६००० | २७२००० | ५०८००० |
| | जम्मा | ४११००० | ५५५००० | ३४८०००० | २३१८००० | ४७६०००० | ११५२४००० |

## ६३ प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका अनुसार बेरोजगारहरुको सूचीकरण, सुचिकृतलाई प्रथामिकताका आधारमा दीर्घकालिन स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वडामा २० योजना सञ्चालन गरी यस वर्ष ८० जनालाई औसत १०० दिन रोजगारी उपलव्ध गराई प्रति दिन प्रति व्यक्ति रु.६६८। का दरले रु.५३ लाख ५२ हजार श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।रोजगारी सिर्जना हुने कार्यमा बजेट खर्च भए नभएको

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : प्युठान नगरपालिका, प्युठान , प्युठान नगरपालिका , प्यूठान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भीष्म कुमार मल्ल | २०८०-७-२४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | महेश कुमार गुरुङ | २०७८-९-१० | २०८०-५-२४ |
| लेखा प्रमुख | गोविन्द जि.सी | २०७८-९-१० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९८०,३९६ | २३,९८८,०३७.०४ | ८,४४१,१६४.४५ | ० | ० | १,४७०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३४,८७९,५९७.४९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ४,००६,४१६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३०,८७३,१८१.४९ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ७४१९०६२४ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४१२६८८३०५ | चालु खर्च | ४७५७३७१५१ |
| प्रदेश सरकारबाट अनुदान | ३५२३८८३२ | पूँजीगत खर्च | १५६४९२१०६ |
| राजश्व बाँडफाँट | ११८०७८९०३ | वित्तीय/अन्य व्यवस्था | १७७९११६८५ |
| आन्तरिक आय | २९८३३४७२ | | |
| अन्य आय | १८१४८१७८६ | | |
| कुल आय | ७७७३२१२९८ | कुल खर्च | ८१०१४०९४२ |
| बाँकी मौज्दात | | ४१३७०९८० | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा नगरपालिकाले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।

- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।

- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।

- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।

- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका जिन्सी मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

· स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।